२०७२ वैशाख ३० बुधबार १३-०५-२०१५ प्रातः मुरली ओम् शान्ति "बापदादा" मधुबन

"मीठे बच्चे– एकान्तमा बसेर आफूसँग कुरा गर, हामी अविनाशी आत्मा हौं, बाबाबाट सुन्छौं, यो अभ्यास गर ।"

प्रश्नः– जो बच्चाहरू यादमा सुस्त (अलबेला) हुन्छन् उनीहरूको मुखबाट कुनचाहिँ बोली निक्लन्छ ?

उत्तरः– उनीहरू भन्छन्– हामी शिवबाबाका बच्चा हौं नै । यादमा नै छौं । तर बाबाले भन्नुहुन्छ– ती सबै गफ मात्र हुन्, सुस्तपन (अलबेलापन) हो । यसमा त पुरुषार्थ गर्नु छ, सबेरै उठेर आफूलाई आत्मा सम्झेर बस्नु छ । कुराकानी (रूहरिहान) गर्नु छ । आत्माले नै कुराकानी गर्छ, अहिले तिमी देही-अभिमानी बन्छौ । देही-अभिमानी बच्चाहरूले नै यादको चार्ट राख्छन्, केवल ज्ञानको गफ लगाउँदैनन् ।

गीतः– मुखडा देख ले प्राणी .....

ओम् शान्ति । रूहानी बच्चाहरूलाई सम्झाइएको छ– प्राण आत्मालाई भनिन्छ । अहिले बाबा आत्माहरूलाई सम्झाउनुहुन्छ– यो गीत त भक्तिमार्गको हो । यो त केवल यसको सार सम्झाइन्छ । अब तिमी यहाँ बस्दा आफूलाई आत्मा सम्झ । देहको भान छोडिदिनु छ । म आत्मा धेरै सानो बिन्दु हुँ । मैले नै यस शरीरद्वारा पार्ट खेल्छु । यो आत्माको ज्ञान कसैलाई छँदै छैन । यो कुरा बाबाले सम्झाउनुहुन्छ– आफूलाई आत्मा सम्झ, म सानो आत्मा हुँ । आत्माले नै यस शरीरद्वारा सारा पार्ट बजाउँछ, त्यसैले देह-अभिमान निक्लिनु पर्छ । यसमा नै मेहनत छ । हामी आत्माहरू यस सारा नाटकका पात्र हौं । उच्चभन्दा उच्च पात्र हुनुहुन्छ परमपिता परमात्मा । बुद्धिमा रहन्छ– उहाँ पनि यति नै सानो बिन्दु हुनुहुन्छ, उहाँको महिमा कति महान् छ । ज्ञानका सागर, सुखका सागर हुनुहुन्छ । तर हुनुहुन्छ सानो बिन्दु । हामी आत्माहरू पनि साना बिन्दु हौं । आत्मालाई दिव्य दृष्टि विना देख्न सकिँदैन । यी नयाँ-नयाँ कुरा अहिले तिमीले सुनिरहेका छौ । दुनियाँले के जानोस् । तिमीहरू मध्ये पनि धेरै कम छन् जसले यथार्थ रीति सम्झन्छन्, बुद्धिमा रहन्छ– हामी आत्मा सानो बिन्दु हौं । हाम्रो बाबा यस ड्रामामा मुख्य पात्र हुनुहुन्छ । उच्चभन्दा उच्च पात्र बाबा हुनुहुन्छ, फेरि फलानो-फलानो आउँछन् । तिमी जान्दछौ– बाबा ज्ञानका सागर हुनुहुन्छ तर शरीर विना त ज्ञान सुनाउन सक्नुहुन्न । शरीरद्वारा नै बोल्न सक्नुहुन्छ । अशरीरी भएपछि अंगहरू अलग हुन्छन् । भक्तिमार्गमा त देहधारीहरूको नै याद गर्छन् । परमपिता परमात्माको नाम, रूप, देश, काललाई नै जान्दैनन् । भनिदिन्छन्– परमात्मा नाम-रूपबाट भिन्न हुनुहुन्छ । बाबाले सम्झाउनुहुन्छ– ड्रामा अनुसार तिमी जो नम्बरवन सतोप्रधान थियौ, तिमी नै फेरि सतोप्रधान बन्नु छ । तमोप्रधानबाट सतोप्रधान बन्नको लागि तिमीले फेरि यो अवस्था मजबुत राख्नु छ– हामी आत्मा हौं, आत्माले यस शरीरद्वारा कुरा गर्छ । उसमा ज्ञान छ । यो ज्ञान अरू कसैको बुद्धिमा छैन– हाम्रो आत्मामा ८४ जन्मको अविनाशी पार्ट भरिएको छ । यी धेरै नयाँ-नयाँ प्वाइन्ट हुन् । एकान्तमा बसेर आफूसँग यस्तो-यस्तो कुरा गर्नु छ– म आत्मा हुँ, बाबाबाट सुनिरहेको छु । धारणा म आत्मामा हुन्छ । म आत्मामा नै पार्ट भरिएको छ । म आत्मा अविनाशी हुँ । यो मनमा दोहोऱ्याउनु छ । हामीलाई तमोप्रधानबाट सतोप्रधान बन्नु छ । देह-अभिमानी मनुष्यहरूलाई आत्माको पनि ज्ञान छैन, कति ठूला-ठूला पुस्तकहरू आफूसँग राख्छन् । अहंकार कति छ । यो हो नै तमोप्रधान दुनियाँ । उच्चभन्दा उच्च आत्मा त कोही पनि छैन । तिमी

जान्दछौ– अब हामीलाई तमोप्रधानबाट सतोप्रधान बन्ने पुरुषार्थ गर्नु छ । यो कुरालाई भित्र मन्थन गर्नु छ । ज्ञान सुनाउने त धेरै छन् । तर याद छँदै छैन । भित्र त्यो अन्तर्मुखता रहनुपर्छ । हामी बाबाको यादद्वारा पतितबाट पावन बन्नु छ, केवल पण्डित बन्नु छैन । यसमा पण्डितको एक उदाहरण छ– माताहरूलाई भन्छन् राम-राम भन्नाले पार भइन्छ.... त्यसैले यस्तो गफाडी बन्नु छैन । यस्ता धेरै छन् ।

सम्झाउन त धेरै राम्रो सम्झाउँछन् तर योग हुँदैन । सारा दिन देह-अभिमानमा रहन्छन् । नत्र बाबालाई चार्ट पठाउनुपर्ने हो– म यस समयमा उठ्छु, यति याद गर्छु । केही पनि समाचार दिदैनन् । ज्ञानका धेरै गफ मार्छन् । योग छँदै छैन । दिन त ठूला-ठूलालाई ज्ञान दिन्छन् तर योगमा कच्चा छन् । सबेरै उठेर बाबालाई याद गर्नु छ । बाबा, हजुर कति प्यारा हुनुहुन्छ । कस्तो यो विचित्र ड्रामा बनेको छ । यो रहस्यलाई कसैले पनि जान्दैनन् । न आत्मालाई, न परमात्मालाई जान्दछन् । यस समयमा मानिस जनावरभन्दा पनि खराब छन् । हामी पनि त्यस्तै थियौं । मायाको राज्यमा कति दुर्दशा हुन्छ । यो ज्ञान तिमीले कसैलाई पनि दिन सक्छौ । भन, हामी आत्मा अहिले तमोप्रधान छौं, हामी सतोप्रधान बन्नु छ । पहिले त आफूलाई आत्मा निश्चय गरौं । गरिबहरूको लागि त झनै सहज छ । धनीहरूलाई त झन्झट धेरै रहन्छ ।

बाबा भन्नुहुन्छ– म आउँछु नै साधारण तनमा । न धेरै गरिब, न धेरै धनी । अहिले तिमीले जान्दछौ– कल्प-कल्प बाबा आएर हामीलाई यही शिक्षा दिनुहुन्छ– पावन कसरी बन्न सक्छौ । बाँकी तिम्रो धन्दा आदिमा खिटपिट छ, त्यसको लागि बाबा आउनुभएको होइन । तिमी त बोलाउँछौ नै हे पतित-पावन आउनुहोस् भनेर, त्यसैले बाबाले पावन बन्ने युक्ति बताउनुहुन्छ । यी ब्रह्माले स्वयं पनि केही जान्दैनथे । पात्र भएर ड्रामाको आदि-मध्य-अन्तलाई जानेन भने उसलाई के भन्ने । हामी आत्मा यस सृष्टि चक्रमा कलाकार हौं, यो पनि कसैले जान्दैन । भन्न त भनिदिन्छन् आत्मा मूलवतनमा निवास गर्छ तर अनुभवले भन्दैनन् । तिमी त अहिले यथार्थमा जान्दछौ– हामी आत्मा मूलवतनका निवासी हौं । हामी आत्माहरू अविनाशी हौं । यो त बुद्धिमा याद रहनुपर्छ । धेरैको योग बिल्कुलै छैन । देह-अभिमानको कारणले फेरि गल्ती पनि धेरै हुन्छन् । मूल कुरा हो नै देही-अभिमानी बन्नु । यो नशा रहनुपर्छ– हामी सतोप्रधान बन्नु छ । जुन बच्चाहरूलाई सतोप्रधान बन्ने लगन रहन्छ, उनीहरूको मुखबाट कहिल्यै पनि पत्थर निक्लिदैन । कुनै भूल भयो भने तुरुन्त बाबालाई रिपोर्ट गर्नेछन् । बाबा मबाट यो भूल भयो । क्षमा गर्नुहोस् । लुकाउँदैनन् । लुकायो भने त्यो अझै वृद्धि हुन्छ । बाबालाई समाचार दिंदै गर । बाबाले लेख्नुहुन्छ– तिम्रो योग ठीक छैन । मुख्य कुरा हो नै पावन बन्ने । तिमी बच्चाहरूको बुद्धिमा ८४ जन्मको कहानी छ । जति हुन सक्छ, बस् यही चिन्ता लागिरहोस् सतोप्रधान बन्नु छ । देह-अभिमानलाई छोडिदिनु छ । तिमी हौ राजऋषि । हठयोगीले कहिल्यै राजयोग सिकाउन सक्दैन । राजयोग बाबाले नै सिकाउनुहुन्छ । ज्ञान पनि बाबाले नै दिनुहुन्छ । बाँकी यस समयमा छ तमोप्रधान भक्ति । ज्ञान केवल बाबाले संगममा नै आएर सुनाउनुहुन्छ । बाबा आउनुभएको छ, त्यसैले भक्ति खतम हुनु छ । यो दुनियाँ पनि खतम हुनेछ । ज्ञान र योगबाट सत्ययुगको स्थापना हुन्छ । भक्ति चीज नै अलग हो । मनुष्यहरूले फेरि भनिदिन्छन् सुख-दुःख यहाँ नै छ । अहिले तिमी बच्चाहरूमाथि धेरै ठूलो जिम्मेवारी छ । आफ्नो कल्याण गर्ने युक्ति रच्दै गर । यो पनि सम्झाइएको छ– पावन दुनियाँ हो शान्तिधाम र सुखधाम । यो हो अशान्तिधाम, दुःखधाम ।

पहिलो मुख्य कुरा हो योगको । योग छैन भने ज्ञानको गफ मात्र हुन्छ केवल पण्डितको जस्तो । आजभोलि त रिद्धि-सिद्धि पनि धेरै निक्लेका छन् । यसको ज्ञानसँग सम्बन्ध छैन । मनुष्यहरू झूटमा कति फँसेका छन् । पतित छन् । बाबाले स्वयं भन्नुहुन्छ– म पतित दुनियाँ, पतित शरीरमा आउँछु । पावन त यहाँ कोही छँदै छैन । यिनले त आफूलाई भगवान् भन्दैनन् । यिनले त भन्छन्– म पनि पतित हुँ, पावन बनेपछि फरिश्ता बन्नेछु । तिमी पनि पवित्र फरिश्ता बन्छौ । त्यसैले मूल कुरा यही हो– पावन कसरी बन्ने । याद धेरै जरूरी छ । जो बच्चाहरू यादमा सुस्त हुन्छन् उनीहरू भन्छन्– हामी शिवबाबाका बच्चा त हौं नै । यादमा नै छौं । तर बाबा भन्नुहुन्छ– यो सबै गफ मात्र हो । सुस्तपन हो । यसमा त पुरुषार्थ गर्नुपर्छ । सबेरै उठेर आफूलाई आत्मा सम्झेर बस्नु छ । कुराकानी गर्नु छ । आत्माले नै कुराकानी गर्छ नि । अहिले तिमी देही-अभिमानी बन्छौ । जसले कसैको कल्याण गर्छ भने उसको महिमा गरिन्छ नि । त्यो हुन्छ देहको महिमा । यो त हो निराकार परमपिता परमात्माको महिमा । यसलाई पनि तिमी सम्झन्छौ । यो सिँढी अरू कसैको बुद्धिमा कहाँ हुन्छ र ! हामीले ८४ जन्म कसरी लिन्छौं, तल उत्रिदै आउँछौं । अब त पापको घडा भरिएको छ, त्यो सफा कसरी होस् ? त्यसैले बाबालाई बोलाउँछन् । तिमी हौ पाण्डव सम्प्रदाय । धार्मिक पनि, राजनैतिक पनि हौ । बाबाले सबै धर्महरूको बारेमा सम्झाउनुहुन्छ, अरू कसैले सम्झाउन सक्दैन । बाँकी ती धर्म स्थापकहरूले के गर्छन्, उनीहरूको पछि त अरू पनि तलै आउनुपर्छ । बाँकी उनीहरूले मोक्ष कहाँ दिन्छन् र । बाबाले नै आएर सबैलाई पवित्र बनाएर फर्काएर लैजानुहुन्छ । त्यसैले उहाँ एक बाहेक अरू कसैको महिमा छैन । ब्रह्माको वा तिम्रो कुनै महिमा छैन । बाबा नआएको भए तिमीले पनि के नै गर्न सक्थ्यौ र । अब बाबाले तिमीलाई चढ्ती कलामा लैजानुहुन्छ । गायन पनि छ– तेरे भाने सर्वका भला । तर अर्थ कहाँ सम्झन्छन् । महिमा त धेरै गर्छन् ।

अब बाबाले सम्झाउनुभएको छ अकाल त आत्मा हो, उसको यो सिंहासन (तख्त) हो । आत्मा अविनाशी छ । कालले कहिल्यै खाँदैन । आत्मालाई एक शरीर छोडेर अर्को पार्ट खेल्नु छ । बाँकी लिनको लागि काल कहाँ आउँछ र । तिमीलाई कसैले शरीर छोड्दा दुःख हुँदैन । शरीर छोडेर अर्को पार्ट खेल्न गयो, किन रुने ? हामी आत्मा भाइ-भाइ हौं । यो पनि तिमी अहिले जान्दछौ– गाउँछन् आत्मा परमात्मा अलग रहे बहुकाल.... बाबा कहाँ आएर मिल्नुहुन्छ, यो पनि जान्दैनन् । अहिले तिमीलाई हरेक कुराको ज्ञान मिल्छ । कहिलेदेखि सुन्दै आउँछौ ? कुनै किताब आदि कहाँ लिनुहुन्छ र । केवल सम्झाउनको लागि उल्लेख गर्नुहुन्छ । बाबा सच्चा भएकोले सच्चा रचना रच्नुहुन्छ । सत्य बताउनुहुन्छ । सत्यबाट जित, झूटबाट हार हुन्छ । सच्चा बाबाले सचखण्डको स्थापना गर्नुहुन्छ । रावणबाट तिमीले धेरै हार खाएका छौ । यो सबै खेल बनेको छ । अहिले तिमी जान्दछौ– हाम्रो राज्य स्थापना भइरहेको छ फेरि यी सबै रहने छैनन् । यी त सबै पछि आएका हुन् । यो सृष्टिचक्र बुद्धिमा राख्नु कति सहज छ । जो पुरुषार्थी बच्चाहरू छन् उनीहरू यसमा खुशी हुँदैनन्– हामीले ज्ञान त धेरै राम्रो सुनाउँछौं । साथमा योग र चालचलन (मैनर्स) पनि धारण गर्नेछन् । तिमीलाई धेरै-धेरै मीठो बन्नु छ । कसैलाई दुःख दिनु छैन । प्यारले सम्झाउनु पर्छ । पवित्रताको बारेमा पनि कति हंगामा हुन्छ । त्यो पनि ड्रामा अनुसार हुन्छ । यो बनिबनाउ ड्रामा हो नि । यस्तो होइन, ड्रामामा छ भने मिल्नेछ । होइन, मेहनत गर्नु छ । देवताहरूले जस्तै दैवी गुण धारण गर्नु छ । नुनपानी बन्नु छैन । देख्नुपर्छ, मैले उल्टो चलन चलेर बाबाको इज्जत त गुमाउदिनँ ? सतगुरुका निन्दक ठौर न पाए ।

उहाँ त सत्य बाबा, सत्य टिचर हुनुहुन्छ । आत्मालाई अब स्मृति रहन्छ । बाबा ज्ञानका सागर, सुखका सागर हुनुहुन्छ । अवश्य पनि ज्ञान दिएर जानुभएको हो, त्यसैले त गायन छ । यिनको आत्मामा के कुनै ज्ञान थियो र ? आत्मा के हो, ड्रामा के हो– कसैले जान्दैनन् । जान्नु त मनुष्यहरूलाई नै छ नि । रुद्र यज्ञ रच्छन् भने आत्माहरूको पूजा गर्छन्, उनको पूजा राम्रो वा दैवी शरीरको पूजा राम्रो ? यो शरीर त ५ तत्त्वको हो, त्यसैले एक शिवबाबाको पूजा नै अव्यभिचारी पूजा हो । अहिले उहाँ एकबाट नै सुन्नु छ । त्यसैले भनिन्छ– नराम्रो नसुन, (हियर नो इभिल)..... ग्लानिको कुनै कुरा नसुन । म एकबाट नै सुन । यो हो अव्यभिचारी ज्ञान । मुख्य कुरा हो जब देह-अभिमान टुट्छ तब नै तिमी शीतल बन्छौ । बाबाको यादमा रह्यौ भने मुखबाट पनि उल्टो-सुल्टो बोली बोल्ने छैनौ, कुदृष्टि जाँदैन । देखेर पनि मानौं देख्ने छैनौ । हाम्रो ज्ञानको तेस्रो नेत्र खुलेको छ । बाबाले आएर त्रिनेत्री, त्रिकालदर्शी बनाउनुभएको छ । अहिले तिमीलाई तीनै कालको, तीनै लोकको ज्ञान छ । अच्छा !

मीठे-मीठे सिकीलधे बच्चाहरूप्रति माता-पिता बापदादाको याद-प्यार एवं गुडमर्निङ्ग । रूहानी बाबाको रूहानी बच्चाहरूलाई नमस्ते । रूहानी बच्चाहरूको रूहानी बाबालाई गुडमर्निङ्ग, नमस्ते ।।

धारणाको लागि मुख्य सारः–

१) ज्ञान सुनाउनुको साथ-साथै योगमा पनि रहनु छ । राम्रो चालचलन (मेनर्स) धारण गर्नु छ । धेरै मीठो बन्नु छ । मुखबाट कहिल्यै पत्थर निकाल्नु छैन ।

२) अन्तर्मुखी बनेर एकान्तमा बसेर आफैँसँग कुराकानी (रूहरिहान) गर्नु छ । पावन बन्ने युक्ति निकाल्नु छ । सबेरै-सबेरै उठेर बाबालाई बडो प्यारले याद गर्नु छ ।

वरदानः– पाँचै तत्त्व र पाँचै विकारलाई आफ्नो सेवाधारी बनाउनेवाला मायाजित स्वराज्य अधिकारी भव

जसरी सत्ययुगमा विश्व महाराजा वा विश्व महारानीको राजाई पोशाकलाई पछाडिबाट दास-दासीहरूले उठाउँछन्, त्यस्तै संगमयुगमा तिमी बच्चाहरू मायाजित स्वराज्य अधिकारी बनेर पदवी रूपी पोशाकले सजिसजाऊ रह्यौ भने ५ तत्त्व र ५ विकार तिम्रो पोशाकलाई पछाडिबाट उठाउँछन् अर्थात् अधीन भएर चल्छन् । त्यसको लागि दृढ संकल्पको पेटीले पदवीको पोशाकलाई टाइट गर, भिन्न-भिन्न पोशाक र शृङ्गारको सेटले सजिसजाउ भएर बाबाको साथमा रह्यौ भने यी विकार वा तत्त्व परिवर्तन भएर सहयोगी, सेवाधारी हुन्छन् ।

स्लोगनः– जुन गुण वा शक्तिहरूको वर्णन गर्छौ त्यसको अनुभवमा डूब । अनुभव नै सबैभन्दा ठूलो सत्ता (अथोरिटी) हो ।